July 29th, 2024

Monday

National Nepali

प्रमुख समाचार:-

1. संसदको दुवै सदनमा दिल्लीको एक कोचिङ इन्स्टिच्युटमा लापरवाहीको कारण विद्यार्थीहरूको मृत्यु भएको घटनामाथि छलफल
2. विदेशमन्त्री डा. जयशंकर आज टोकियोमा क्वाड विदेश मन्त्रीहरूको बैठकमा सहभागी
3. बाघ संरक्षणको बारेमा सचेतना बढाउन आज अन्तर्राष्ट्रिय बाघ दिवस मनाइँदै
4. पेरिस ओलम्पिकमा सुटिङको मिश्रित टिम इभेन्टमा मनु भाकर र सरबजोत सिंहको जोडी कास्य पदकको निम्ति प्रतिस्पर्धा गर्ने

1. Rajnath – DAC

रक्षामन्त्री श्री राजनाथ सिंहको अध्यक्षतामा रक्षा अधिग्रहण परिषद्को बैठक आज नयाँ दिल्लीमा भएको छ। बैठकमा भारतीय सेनाका सशस्त्र लडाकु सवारी साधनका लागि आवश्यक पर्ने स्वीकृतिलगायत विभिन्न पुँजी प्रस्तावमाथि विचार विमर्श गरियो । रक्षा मन्त्रालयका अनुसार भारतीय तटरक्षकको क्षमता अभिवृद्धि गर्न रक्षा अधिग्रहण परिषदले नवीनतम अत्याधुनिक प्रणालीका साथ 22 वटा इन्टरसेप्टर डुङ्गाहरू खरिद गर्न स्वीकृति दिएको छ। यो उपकरण भारत इलेक्ट्रोनिक्स लिमिटेडबाट भारतीय स्वदेशी डिजाइन, विकास र निर्मित श्रेणी अन्तर्गत खरिद गरिनेछ।

2. LS - RS – Coaching

संसदको दुवै सदनमा आज अधिकारीहरूको कथित लापरवाहीका कारण दिल्लीको एक कोचिङ इन्स्टिच्युटमा विद्यार्थीहरूको मृत्युको हालैको दुखद घटनामाथि छलफल भयो। भाजपा सदस्य बांसुरी स्वराजले यो दिल्ली सरकारको लापरवाहीको परिणाम भएको आरोप लगाउनुभयो। कांग्रेसका श्री शशि थरुरले यस्तो घटनामा जति क्षतिपूर्ति दिइए तापनि त्यो कम हुने बताउँदै उहाँले भवन निर्माण नियम लगायत धेरै नियम उल्लंघन भएको बताउनुभयो । श्री थरुरले यस विषयमा विस्तृत अनुसन्धानको माग गर्नुभएको छ। समाजवादी पार्टीका नेता श्री अखिलेश

यादवले कोचिङ सेन्टर सञ्चालनमा विना आपत्ति प्रमाणपत्र दिने अधिकारीलाई कडा कारबाही गर्न माग गर्नुभयो। भाजपाका डा सुधांशु त्रिवेदीले घटनालाई आपराधिक लापरवाही भएको भन्दै यस विषयमा विस्तृत अनुसन्धान गरी जिम्मेवारलाई कारवाही गर्न माग गर्नुभयो। टीएमसीका श्री डेरेक ओ'ब्रायनले पनि घटनाप्रति चिन्ता व्यक्त गर्नुभयो। छलफलमा भाग लिँदै केन्द्रीय शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले यस विषयमा लापरवाही भएको र जिम्मेवारलाई कारवाही गर्नुपर्ने बताउनुभयो । उहाँले केन्द्रले यसै वर्ष जनवरीमा कोचिङ सेन्टर नियमनका लागि जारी गरिएको दिशानिर्देश पालना गरिएको भए यस्तो दुखद घटना हुने थिएन भन्नुभयो। आम आदमी पार्टीकी स्वाती मालीवालले देशभरका विद्यार्थीहरू निजामती कर्मचारी बन्ने आशामा दिल्लीको कोचिङ सेन्टरहरूमा ओइरिने गरेका अनि कोचिङ सेन्टरहरू राष्ट्रिय राजधानीमा अनियन्त्रित भइरहेको बताउँदै उहाँले पछिल्लो घटनामा संलग्न सबैलाई कडा कारबाही गर्न माग गर्नुभयो। राज्यसभाका अध्यक्ष जगदीप धनखरले कोचिङ झन व्यापार भइसकेको र हरेक पटक पत्रिका पढ्दा अगाडिको एक–दुई पाना कोचिङ सेन्टरकै विज्ञापनले भरिभराउ हुने गरेको बताउनुभयो। छलफलको जवाफ दिँदै आवास तथा शहरी मामिलामन्त्री श्री मनोहर लालले दिल्ली सरकारको लापरवाहीको कारण यस्तो घटना भएको आरोप लगाउनुभयो।

## 3. Coaching - Arrest

यसैबीच, दिल्ली प्रहरीले कोचिङ दुर्घटनामा थप ५ जनालाई पक्राउ गरेको छ, जसमा भवनको बेसमेन्टका मालिक र गेटमा क्षति पुऱ्याउने व्यक्ति पनि छन्। हालसम्म सात जना पक्राउ परेका छन् । दिल्ली पुलिसले यो घटनामा संलग्न सबैलाई कडा कारबाही सुनिश्चित गर्ने बताएको छ।

## 4. RS – Groundwater

जलशक्ति राज्यमन्त्री श्री भूषण चौधरीले भूमिगत पानीको प्रयोगमा भारत विश्वमै पहिलो स्थानमा रहेको बताउनुभएको छ।आज राज्यसभामा जवाफ दिँदै उहाँले भारतको जनसङ्ख्या विश्वको कुल जनसंख्याको १७ प्रतिशत रहेको र खानेपानीको आवश्यकता पूरा गर्न मुलुकमा विश्वको ताजा पानीको भण्डारको करिब ४ प्रतिशत मात्रै रहेको बताउनुभयो ।

## 5. Jaishankar - Quad

विदेशमन्त्री डा एस जयशंकरले क्वाडले हिन्द- प्रशान्त क्षेत्रलाई स्वतन्त्र, सुरक्षित र समृद्ध बनाउने दिशामा काम गरिरहेको बताउनुभएको छ। उहाँले क्वाडको मञ्च आजको सहकार्य र साझेदारीको सबैभन्दा ठूलो उदाहरण भएको बताउनुभयो। टोकियोमा क्वाड विदेशमन्त्रीहरूको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै डा. जयशंकरले क्वाडले विदेश नीतिबारे गहिराइमा विचार गरिरहेकोमा सन्तोष व्यक्त गर्नुभयो । उहाँले आजको बैठकले चौतर्फी नयाँ दिशा दिने बताउनुभयो । आज टोकियोमा क्वाडका विदेशमन्त्रीहरुको बैठक बसेको थियो जसमा विदेशमन्त्री डा एस जयशंकर लगायत जापान, अमेरिका र अष्ट्रेलियाका विदेशमन्त्रीहरुको सहभागिता रहेको छ।

## 6. Mandaviya - Employment

श्रम तथा रोजगारमन्त्री डा मनसुख माण्डवीयले मुलुकमा रोजगारीको अभाव नभएको र वर्तमान सरकारको नीतिगत हस्तक्षेपका कारण मुलुकमा बेरोजगारी दर तीन दशमलव दुई प्रतिशतमा झरेको बताउनुभएको छ। लोकसभामा प्रश्नकालमा पूरक प्रश्नको जवाफ दिँदै उहाँले आगामी वर्षहरूमा बेरोजगारी दर ३ प्रतिशतभन्दा तल झर्ने विश्वास व्यक्त गर्नुभयो। सामान्य बजेटको प्रशंसा गर्दै डा माण्डवियाले प्रधानमन्त्री श्री प्याकेजले पाँच वर्षको अवधिमा चार करोडभन्दा बढी युवालाई रोजगारी र सीपको अवसर प्रदान गर्ने बताउनुभयो। उहाँले विगत केही वर्षयता श्रमशक्ति सहभागिता दर र श्रमिक जनसंख्या अनुपात बढेको बताउनुभयो।

## 7. Majumdar – NEP 2020

शिक्षा राज्यमन्त्री डा सुकान्त मजुमदारले प्रत्येक विद्यार्थीको क्षमता उजागर गर्नु राष्ट्रिय शिक्षा नीति–२०२० को उद्देश्य रहेको बताउनुभएको छ। यो देशको शैक्षिक रुपान्तरणको लागि मार्गदर्शक बनेको छ। उहाँले आज नयाँ दिल्लीमा अखिल भारतीय शिक्षा सम्मेलन-ABSS २०२४ को उद्घाटन सत्रलाई सम्बोधन गर्दै यस्तो भन्नुभएको हो। कार्यक्रममा देशभरका शिक्षक, विद्यार्थी र शिक्षाविद्हरुको सहभागिता रहेको छ।

8. International Tiger Day

आज अन्तर्राष्ट्रिय बाघ दिवस हो। यो दिवस मनाउनुको मुख्य उद्देश्य बाघको प्राकृतिक बासस्थानको संरक्षण गर्ने र बाघ संरक्षणको बारेमा चेतना जगाउने विश्वव्यापी प्रणालीलाई प्रवर्द्धन गर्नु हो । अन्तर्राष्ट्रिय बाघ दिवसको अवसरमा मध्यप्रदेशको भोपालस्थित कुशाभाउ ठाकरे सभागृहमा एक कार्यक्रमको आयोजना गरिएको छ । देशमा सबैभन्दा बढी ७ सय ८५ बाघ रहेकोले मध्य प्रदेशलाई देशको बाघ राज्यको दर्जा दिइएको छ। विश्व बाघ दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री डा मोहन यादवले मध्यप्रदेशलाई पुनः बाघ राज्य बनोस् भन्ने कामना गर्दै सबैभन्दा धेरै बाघ रहेको राज्यमा रहन पाउनु आफ्नो सौभाग्य भएको बताउनुभयो । राज्यमा सातवटा बाघ आरक्ष रहेको र झण्डै २५ लाख पर्यटक राज्यमा आउने गरेको उहाँले बताउनुभयो ।

9. Paris Olympic

पेरिस ओलम्पिकमा आज भारतीय पुरुष हक्की टोली र अर्जेन्टिनाबीचको खेल बराबरीमा टुङ्गेको छ। भारतीय पुरुष हक्की टोलीले अब आयरल्याण्डको सामना गर्नेछ। शुटिङमा मनु भाकेर र सरबजोत सिंहको जोडी १० मिटर एयर पिस्टल मिक्स टिम इभेन्टमा कास्य पदकको निम्ति प्रतिस्पर्धा गर्नेछन्। अर्कोतर्फ, महिला १० मिटर एयर राइफलको फाइनलमा रमिता जिन्दल सातौं स्थानमा रहेकी छन् ।